कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

## करार पदपूर्ती सम्बन्धी जरुरी सूचना।।।

सूचना प्रकाशन मिति २०७७/१०/२१

उपर्युक्त सम्बन्धमा यस कोहलपुर नगरपालिकाको आ.व.२०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम तथा लुम्बिनी प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय को मिति २०७७/१०/१२ को परिपत्र बमोजिम कार्यक्रम कार्यान्वयनका लागि कृषि पशुपन्छी/अधिकृत करारमा लिने कोहलपुर नगर कार्यपालिकाको मिति २०७७/१०/२० को निर्णयानुसार तपशिल बमोजिमका प्राविधिक कर्मचारी करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुलाई सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र रित पूर्वकको आवेदन भरी पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| वि.नं. | पद | तह | सेवा/समूह | संख्या | अवधि |
|---|---|---|---|---|---|
| ११/०७७-०७८ | कृषि अधिकृत | छैटौं | कृषि | १ (एक) जना | करार |
| १२/०७७-०७८ | पशु विकास अधिकृत | छैटौं | कृषि/पशु | १ (एक) जना | करार |

१. आवश्यक न्यूनतम योग्यताः- सम्बन्धित पदका लागि लोकसेवा आयोगले निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता भएको हुनुपर्ने छ।

२. सेवा अवधीः- वि.सं. २०७८ असार मसान्त सम्म वा प्रदेश सरकारको कार्यक्रम बमोजिम हुने।

३. उमेरः- कम्तिमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। महिलाको हकमा ४० वर्ष ननाघेको।

४. दरखास्त दिने स्थानः- कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कोहलपुर, बाँके ।

५. दरखास्त दिने अन्तिम मितिः- सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा र १५ औं दिनमा सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिनमा।

६. आवेदन दस्तुरः- रु १०००।(एक हजार) मात्र

७. छनौटको किसिमः- लिखित र मौखिक अन्तरवार्ता।

८. आवेदन साथ आवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु संलग्न गर्नुपर्ने छः (क) नागरिकता प्रमाणपत्र, (ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, (ग) चारित्रिक प्रमाणपत्र, (घ) कार्य अनुभव पेश गरेकाको हकमा सम्बन्धित संस्थावाट अनुभव खुल्ने प्रमाणित कागजात र (ङ) ३ प्रति पासपोर्ट आकारको फोटो।

९. सेवा सुविधाः- नेपाल सरकारले स्थानीय तहको छैटौं तहका कर्मचारीका लागि तोकि दिएको तलब र नियमानुसार पाउने भत्ता उपलब्ध हुनेछ।

१०. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः- कोहलपुर नगर कार्यपालिकको कायर्यालयले तोके बमोजिम कृषि/पशुसेवा शाखामा रही सम्बन्धित सेवा समूह अन्तरगत तोकिए बमोजिमका प्राविधिक कार्यहरु गर्नुपर्नेछ।

११. सम्पर्क मितिः- आवेदन दिने अन्तिम मिति लगत्तै कार्यालय खुलेको दिन विहान १०.०० बजे देखि साँझ ४.०० बजे सम्म।

..........................

छविलाल नेपाली

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत